

## आफ्नो अधिकारहरु थाहा पाइराख्नुहोस् ।

अस्ट्रेलियामा आप्रबासी कामदार वा प्रबेशाज्ञामा आएका कामदारको पनि यहाँका अन्य कामदार जत्तिकै अधिकार हुन्छ । यि अधिकारहरु कानुनबाट संरक्षित हुन्छन् । फेयर वर्क अम्बड्समनले निःशुल्क सेवा प्रदान गर्दछ र तपाँइलाइ काम सम्बन्धि आफ्नो अधिकारहरु बुझ्न साहायता गर्न सक्दछ । यसमा समाबेस छन्:

- न्युनतम तलब दर
- बिदा वा कामबाट बिश्राम लगायत अन्य न्युनतम कार्यस्थल अवस्थाहरु
- भेदभावबाट मुक्त रहन पाउने अधिकार सहित सुरक्षित कार्यस्थल

हरेक रोजगारदाताले यि कानुनहरुको पालना गर्नुपर्दछ । जस्तै, कर्मचारी सहमत भएपनि उनिहरुले कर्मचारीलाइ कानुनले तोकेको न्यूनतम रकम भन्दा कम तिर्न मिल्दैन ।

तपाँइको कार्यस्थल अधिकार बारे जानकारीको लागि www.fairwork.gov.au मा जान सक्नुहुन्छ वा फेयर वर्क अम्बड्समनलाइ १३ १३ ९४ मा फोन गर्न सक्नुहुन्छ । यदि तपाँइलाइ दोभासेको आवश्यकता पर्दछ भने टान्सलेटिङ तथा इन्टरप्रेटिङ सर्भिस लाइ १३ १४ ५० मा सम्पर्क गर्नुहोस् ।

**थप जानकारी वा गोप्य सल्लाहको लागि अस्ट्रेलियन रेड क्रसलाइ सम्पर्क गर्नुहोस् ।**

**फो. ०३ ९३४५ १८००**
**इ.** national_stpp@redcross.org.au
**वे.** redcross.org.au/workrighthub

*This Modern Slavery grant activity received grant funding from the Australian Government.*

NEPALI

Australian Red Cross



# अस्ट्रेलियामा आधुनिक दासत्व हुन्छ

अस्ट्रेलियामा कार्यस्थलमा हुने गम्भिर शोषणलाइ अपराध मानिन्छ । यदि तपाँइ वा तपाँइले चिनेको कसैलाइ कार्यस्थलमा शोषण भइरहेको छ भने साहायता उपलब्ध छ ।

अस्ट्रेलियामा हरेक कामदारका कानुनले संरक्षण गरेका आधारभूत अधिकारहरु हुन्छन् । यि कानुनले अन्य देशबाट आगन्तुक कामदार, जति समयको लागि वा जुन प्रबेशाज्ञामा आएका भएपनि, लगायत सबै कामदारहरुलाइ ढाकेका हुन्छन् ।

**कार्यस्थलमा तपाँइलाइ निश्पक्ष्य ब्यवहार हुनु पर्दछ**



आधुनिक दासत्व त्यतिबेला हुन्छ जब व्यक्तिको शोषण गर्न जबरजस्ती, धम्की वा छलको प्रयोग गरिन्छ वा उनिहरुको स्वतन्त्रता हनन गरिन्छ । अस्ट्रेलियामा यि गम्भिर अपराध हुन् र यिनमा बाध्य श्रम, मानव ओसारपोसार, बन्धन र ऋण बंधन समावेश छन् ।

बाध्य श्रम भनेको कसैलाइ इच्छा बिपरित बाध्य पारेर वा सजाँयको डर देखाएर गराइको श्रम हो । मानव बेचबिखन यतिबेला हुन्छ जब कसैलाइ छलकपट गरेर, डर देखाएर वा बल पयोग गरेर शोषण गर्नको लागि भर्ती वा ओसारपसार गरिन्छ । यस्तो कृषि, आतिथ्य सत्कार, निर्माण,  सरसफाइ तथा योन लगायत जुनसुकै उधोगमा हुन सक्दछ ।

बन्धन तब हुन्छ जब व्यक्तिले डर, धम्की वा छलकपटमा परी आँफुलाइ काम गर्न रोक्न वा काम छोड्न स्वतन्त्र छु भनेर सोच्न सक्दैन र व्यक्ति काम बाहिर आफ्नो व्यक्तिगत जिवन जिउन स्वतन्त्रा गुमाएको छ । बन्धन घरेलु काम गर्ने ठाँउमा घट्दछ जब कामको परिस्थिति वा अवस्थामा दास जस्तो व्यबहार व्यहोर्नु पर्दछ ।

ऋण बंधन भनेको यस्तो परिस्थिति हो जहाँ कसैको व्यक्तिगत सेवाहरु ऋण तिर्नको लागि प्रयोग गरिन्छ र त्यो ऋण वा दाबी गरिएको ऋणको राशि अत्यधिक हुन्छ अथवा त्यो व्यक्तिले ऋण चुक्ता गर्न गरेको काम हद भित्र छैन ।

## शोषणका संकेतहरु

- काम गर्न बाध्य हुनुपर्ने
- कम बिस्राम समय लिएर लामो समयसम्म काम गर्नुपर्ने
- उपयुक्त तलब नपाउने
- रोजगारदाता वा काम लगाइदिने लाइ यात्रा, आवास, कपडा, खाना, यातायात वा कामका कागजातहरुको लागि ठूलो ऋण तिर्नुपर्ने
- आफ्नो कार्यस्थल छोड्न नपाउने वा कार्य अवस्थाका बारेमा रोजगारदातासँग सहमति गर्न नपाउने
- कार्यस्थलमा डर वा धम्कीको सामना गर्नुपर्ने जस्तै, तपाईंलाई कामबाट हटाइनेछ वा परिवारका सदस्यहरूलाइ हानी पुर्याइनेछ भनेर भनिने
- तपाँइलाइ तपाँइको राहदानी वा अन्य परिचयका कागजातहरुको पहुँच नहुने
- चिकित्सकलाइ भेट्न वा उपचार गराउन नपाउने

## यदि तपाँइ कसैको घरमा काम गर्नुहुन्छ भने यि पनि शोषणका संकेतहरु हुन्:

- व्यक्तिगत कारणको लागि घरबाट कहिल्यै वा बिरलै निस्कन पाउने
- रोजगारदाताको निगहरानीमा मात्र घरबाट निस्कन पाउने
- घरपरिवार वा साथीभाइलाइ सम्पर्क गर्न नपाउने
- आफ्नो फोन खोसिने
- साझा स्थानमा वा अनुपयुक्त स्थानमा सुत्नु पर्ने र आफ्नो व्यक्तिगत ठाँउ नपाउने
- अपमान, हेला, दुर्व्यवहार वा हिंसाको भागिदार हुनुपर्ने
- खाना वा निद्रा नपुग्ने



## साहायता उपलब्ध छ

रेड क्रसले तपाँइलाइ सुझाब र साहायता दिन्छ र तपाँइलाइ अन्य सेबाहरुमा साहायताको लागि सिफारिस गर्न सक्दछ । दोभासेको सुबिधा उपलव्ध छ ।

**०३ ९३४५ १८०० मा फोन गर्नुहोस् वा**
national_stpp@redcross.org.au
**मा इमेल गर्नुहोस्**

यहाँ एक साहायता कार्यक्रम पनि छ जसले व्यक्तिलाइ पुन:स्थापित हुन र आफ्नो जीवन पुनर्निर्माण गर्न मद्दत गर्छ । यो कार्यक्रमले व्यक्तिलाइ कुनै सुरक्षित बासस्थान खोज्न, चिकित्सा सेवा लिन, परामर्श, कानुनी तथा आप्रबासी सल्लाह, आर्थिक साहायता, अध्यन तथा तालिम लिन र रोजगार खोज्न सहयोग तथा सामाजिक संजाल बिस्तार गर्न सहयोग गर्दछ । रेड क्रसले यो कार्यक्रमको बारेमा थप जानकारी दिन सक्दछ ।

अस्ट्रेलियन रेड क्रसले सपोर्ट फर ट्राफिक्ड पिपल प्रोग्राम (बेचबिखन भएका मानबकालागि साहायता कार्यक्रम) संचालन गर्नको लागि डिपार्टमेन्ट अफ सोसल सर्भिसेस (सामाजिक सेवा विभाग) बाट अनुदान प्राप्त गरेको छ ।

**नि:शुल्क तथा गोप्य कानुनी सल्लाहको लागि एन्टी-स्लेभरी अस्ट्रेलियामा ०२ ९५१४ ८११५ मा फोन गर्नुहोस् वा** ASALegal@uts.edu.au **मा इमेल गर्नुहोस्**

यदि आपतकालिन अवस्था हो वा कसैको सुरक्षा खतरामा छ भने पुलिसलाइ ००० मा फोन गर्नुहोस् । सम्भावित आधुनिक दासत्वको मुद्दा रीपोर्ट गर्नको लागि अस्ट्रेलियन फेडरल पुलिसलाइ १३१ २३७ मा फोन गर्नुहोस् ।

यदि उक्त परिस्थितिमा बालबालिका संलग्न छन् भने बालबालिका सुरक्षा कानुन अन्तरगत अनिवार्य रिपोर्ट गर्नुपर्ने हुन सक्छ ।